# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# गोसाईकुण्ड गाउँपालिका, रसुवा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महा-निर्देशनालय, बाग्मती प्रदेश)


पत्र संख्याः २०७८/७९
च.नं.: ६५१

मितिः २०७९।०३।२५

श्री अध्यक्षज्यू,
गोसाईकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(त्रिलोचन आचार्य )
नायव महालेखापरीक्षक


one: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश)


मितिः २०७९।३।२५

पत्र संख्याः २०७८।७९

च.नं. ६८९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
गोसाईंकुण्ड गाउँपालिका, रसुवा ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७९ लाख १६ हजार बेरुजू देखिएको छ। यस वर्ष कायम भएको बेरुजूउपर मिति २०७८/८/१६ मा प्राप्त प्रतिक्रियाबाट रु. ७८ हजार फछ्र्यौट भई बाँकी रु. ७८ लाख ३८ हजार बेरुजूमध्ये असूल गर्नुपर्ने रु. ७४हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. १० हजार, नियमित गर्नुपर्ने रू.७७ लाख ५५ रहेको छ । पालिकाको गतवर्षसम्मको रु. ३ करोड १३ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड ९१ लाख ४० हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# गोसाइकुण्ड गाउँपालिका

## रसुवा

**परिचयः**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गोसाईकुण्ड गाँउ कार्यपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, २८ सभा सदस्य, ९७८।७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार १४३ जनसंख्या रहेको छ ।

**आर्थिक कारोवारको स्थितिः**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छः-

**आ.व. २०७६/०७७ को एकीकृत आर्थिक विवरण**

| | आय तर्फ | | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | जम्मा रकम | सि.नं. | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३३४००८९०.३६ | १ | चालु तर्फ | | ९९३०७९५१.१९ |
| | (क) नगद | | | | (क) संघ समानीकरण | २६१२४२१.०० | |
| | (ख) बैंक • | ३३०२९०१०.३६ | | | (ख) प्रदेश समानीकरण | १७८१७२२.०० | |
| | (ग) धरौटी | ३७१८८०.०० | | | (ग) संघ शसर्त | ६४०९९५३२.५० | |
| | (घ) कोष तर्फ | | | | (घ) प्रदेश शसर्त | ६३००००.०० | |
| | | | | | (ङ) संघ राजस्व | २१८५१२८१.६९ | |
| | | | | | (च) प्रदेश राजस्व | २१७८७३२.०० | |
| २ | (क) आन्तरिक राजस्व | ७४४०६३०.५१ | ६५८५६५६३.८४ | | (छ) आन्तरिक राजस्व | ६१६४२६२.०० | |
| | (ख) संघीय राजस्व बाँडफाँड | ४४७३७६१७.७१ | | २ | पुँजीगत तर्फ | | |
| | (ग) प्रदेश राजस्व बाँडफाँड | १२६६८२१५.६२ | | | (क) संघ समानीकरण | २६२२६५००.१७ | ७८२१६७३९.६७ |
| | (घ) बाँडफाँडबाट प्राप्त वन रोयल्टी | | | | (ख) प्रदेश समानीकरण | ३४५३६८८.०० | |
| | (ङ) बाँडफाँडबाट प्राप्त विधुत रोयल्टी | | | | (ग) संघ शसर्त | ५०३८२३५.०० | |
| ३ | संघीय सरकारबाट प्राप्त हस्तान्तरण अनुदान | | १६९६७९०००.०० | | (घ) प्रदेश शसर्त | ८५०८५८५.०० | |
| | (क) वित्तीय समानीकरण अनुदान | ७७५०००००.०० | | | (ङ) संघ राजस्व | १४७१८१५९.५० | |
| | (ख) शसर्त अनुदान | ९२१७९०००.०० | | | (च) प्रदेश राजस्व | २६४११०५.०० | |
| | (ग) समपूरक अनुदान | ०.०० | | | (छ) आन्तरिक राजस्व | १३४४७२३६.०० | |
| | (घ) विशेष अनुदान | | | | (च) प्रदेश समपूरक | ५१८३२३१.०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त हस्तान्तरण अनुदान | | ३३२२८४००.०० | ३ | वित्तीय व्यवस्थापन भुक्तानी | | |
| | (क) वित्तीय समानीकरण अनुदान | ९५२१०००.०० | | | (क) ऋण भुक्तानी | | |
| | (ख) शसर्त अनुदान | ११४०५०००.०० | | | (ख) साँवा भुक्तानी | | |
| | (ग) समपूरक अनुदान | ३८०२४००.०० | | | (ग) ब्याज भुक्तानी | | |
| | (घ) विशेष अनुदान | | | | (घ) अन्य भुक्तानी | | |
| ५ | अन्तरस्थानीय तहबाट प्राप्त (गाईङ्गोपाखर बाट) | ८५०००००.०० | | ४ | लगानी | | |
| ६ | वित्तीय व्यवस्थापन प्राप्ति | | | | (क) ऋण लगानी | | |
| | (क) ऋण प्राप्ति | | | | (ख) शेयर लगानी | | |
| | (ख) साँवा प्राप्ति | | | | (ग) अन्य लगानी | | |
| | (ग) ब्याज प्राप्ति | | | ५ | अन्तर सरकारी स्थानीय तह | | |
| | (घ) अन्य प्राप्ति | | | ६ | विषयगत निकायबाट प्राप्त | | २०१४५८००.०० |
| ७ | विभिन्न कोष तर्फको आय | | ३८८३१३३.०० | | (क) सामाजिक सुरक्षा तथा संरक्षण | २०१४५८००.०० | |
| | (क) कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष | ३८८३१३३.०० | | ७ | अन्य निकायबाट प्राप्त रकम | | ३१००४८८७.०० |
| ८ | जनसहभागिता (नगद) | | | | (क) गृह मन्त्रालय (राष्ट्रिय परिचय पत्र) | १०३१३३२.०० | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | २१७३४०००.०० | | (ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १६२४२११९.०० | |
| | (क) सामाजिक सुरक्षा तथा संरक्षण | २१७३४०००.०० | | | (ग) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | १३२७२३५८.०० | |
| | | | | | (घ) गरिब घर परिवार पहिचान कार्यक्रम | ४५९०७८.०० | |
| | | | | ८ | धरौटी फिर्ता | ७९५०००.०० | ७९५०००.०० |
| १० | धरौटी आय | २९३५६३९.०० | २९३५६३९.०० | ९ | कोष खर्च | | ३६२२१६३.४५ |
| ११ | अन्य निकायबाट प्राप्त रकम | | ३३२९२०००.०० | | (क) कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष | ३६२२१६३.४५ | |
| | (क) गृह मन्त्रालय (राष्ट्रिय परिचयपत्र) | १५०८०००.०० | | १० | अनुदान तथा निकासा फिर्ता | | |
| | (ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १६५०००००.०० | | | (क) संघ शसर्त | २४०४१२३२.५० | ३८३०८१२९.५० |
| | (ग) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | १४००००००.०० | | | (ख) प्रदेश शसर्त | २२६६४१५.०० | |
| | (घ) गरिब घर परिवार पहिचान कार्यक्रम | १२८४०००.०० | | | (ग) प्रदेश समपूरक | ८१२५१६९.०० | |

| | आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | जम्मा रकम | सि.नं. | विवरण | रकम | जम्मा रकम |
| | | | | | (घ) सामाजिक सुरक्षा तथा संरक्षण | १५८८२००,०० | |
| | | | | | (ङ) राष्ट्रिय परिचयपत्र | ४७६६६८.०० | |
| | | | | | (च) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २५७८८१.०० | |
| | | | | | (छ) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७२७६४२.०० | |
| | | | | | (ज) गरिब घर परिवार पहिचान कार्यक्रम | ८२४९२२.०० | ११५९८८५५.३९ |
| | | | | ११ | मौज्दात | | |
| | | | | | (क) नगद | | |
| | | | | | (ख) बैंक मौज्दात (सञ्चित कोषमा अन्य) | ८८७२६८५६.८४ | |
| १२ | लगानीको साँवा फिर्ता | | | | (ग) धरौटी खातामा मौज्दात | २५१२५१९.०० | |
| १३ | अन्य विविध कार्य | | | | (घ) कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष | ३५९४७९.५५ | |
| | जम्मा | ३६२९९९५२६.२० | ३६२९९९५२६ | | | ३६२९९९५२६.२० | ३६२९९९५२६.२० |

कार्यालयको नाम : गोसाईकुण्ड गाँउकार्यपालिका रसुवा स्याफ्रुवेसी

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाँउपालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• मन्त्रालयगत बजेट सुचना प्रणालीमा र प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणालीमा पहुँच नदिएको कारण बउशिन अनुसारको आर्थिक विवरण तयार नभएको<br>• सुत्रको बउशिन र सँग मन्त्रालयगत बजेट सुचना प्रणालीमा र प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली को बउशिन बिच एकरुपता नदेखिएकोकारण तहगत सरकार अनुसारको बजेट खर्च भिडान गर्न नसकिएको ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बैंक हिसाब मिलान**- स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकवाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा सेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | निकासा | खर्च | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|---|---|
| | चालु तर्फ | १२६९४४०६७।५० | ९९३०७९५१।१९ | २७६३६११६।३१ | २८५५९३८०।५६ | ९२३२६४।२५ |
| | पुजीगत तर्फ | १०२०९२०६९।६७ | ७८२१६७३९।६७ | २३८७५३३० | ३५८७६२६२।२५ | १२०००९३२।२५ |

माथि उल्लिखित फरक पर्नका कारण चेक साट्न बाँकीको कारणबाट वर्षान्तको अन्तमा फरक परेको देखिन्छ र हाल आएर चेक सटी हिसाव मिलान भईसकेको भन्ने कार्यालयको भनाईछ । बैंक हिसाव मिलान विवरण बनाउनुपर्दछ ।

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा मध्यकालीन खर्च सम्रचना नभएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ४ नियमावली, २० कार्यविधि ४ निर्देशिका १ आचरसंहिता १ दिग्दर्शन र मापदण्द २ समेत ४१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गोसाईकुण्ड गाँउपालिका रसुवाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• गोसाईकुण्ड गाँउपालिका रसुवाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ को उपनियम १३ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई शाखा प्रमुखलाई दिएको तर अन्य कर्मचारीमा लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७खर बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.७८९९९७१।०० खर्च लेखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यबयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी केही कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । नीतीमा रहेको कार्यक्रममा नरहेको<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | अतिरिक्त भत्ताः कार्य सञ्चालन निर्देशिका, २०७५ परिच्छेद सातको खर्चको मापदण्ड सम्वन्धी शीर्षकको खाजा/खाना खर्च र प्रोत्साहान सम्वन्धमा खाजा/ खाना खर्चका सम्वन्धमा सम्वन्धीत मन्त्रालयलवाट निर्णय भई आएपछि प्रचलनमा रहेका स्वीकृत मापण्ड (नर्म्स) को आधारमा आवश्यक र औचित्य हेरी अर्थ मन्त्रालयले यस्तो स्वीकृति दिन सक्ने व्यवस्था छ। जस्का लागि निम्न प्रक्रिया पुरा हुने अवस्थामा मात्र खाजा/खाना उपलव्ध गराउने भन्ने व्यवस्था छ । अतिरित्त समयमा गरिने काम र सो बाट प्राप्त हुने नतिजा लेखा उत्तरदाही प्रमाणित गराइएको हुनुपर्ने,नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घन्टा भन्दा बढी अतिरित्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च बापत रु.३०० दिने सकिने, सार्वजनिक विदाको दिन काम गरे बापत खाजा/खाना खर्चको लागि रु ६०० दिन सकिने र यस प्रयोजनका लागि विद्युतिय हाजिर अनिवार्यरुपमा लागु भएको हुनुपर्ने उल्लेख छ । विद्युतीय हाजिरी विना अतिरीक्त भत्ता वापत रु ४७७१२७।०० खर्च भएको देखिएकोले यस्तो खर्च लेख्दा कार्यसञ्चालन निर्दशिकामा भएको व्यवस्थाको पुर्ण परिपालना गरी खर्च गर्नु पर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ५. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।श्रोतगत र चौमासिक प्रतिवेदन विच भिडान हुन नसकेको देखिन्छ । | |

| सि.नं. | पूंजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | ८०३२८५०३१०१ | ६३६७३ | २७३० | ७९०९ | ५३०३३ | ४५५०१ |
| २ | ८०३२८५०३५२१ | ८५०८ | ० | ० | ८५०८ | ८५०८ |
| ३ | ८०३२८५०३५११ | ४०३८ | ० | २११४ | १९२४ | १७९६ |
| ४ | ८०३२८५०३३०३ कृषि | १२४६ | ० | ० | १२४६ | ० |
| ५ | ८०३२८५०३३०१ शिक्षा | ७५० | ० | ० | ७५० | ० |
| | कूल खर्चः | ७८२१६ | २७३० | १००२३ | ६५४६३ | ५५८०६ |
| | खर्च प्रतिशत | १०० | ३।४९ | १२।८१ | ८३।७० | ७१।३५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३६७५७००० | १२८६५८० | ३।५ |
| सामाजिक क्षेत्र | १३५००३५०४ | ९५७६३७९६ | ७।१ |
| पूर्वाधार विकास क्षेत्र | ९४६९९००० | ३७१२९२५८ | ३९।२ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| सुशासन तथा अन्तरसम्बन्धित | १८२२००० | ७९९१५० | ४३।८६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ३९४४१४९६ | ३१००५९०७ | ७८।६१ |
| **जम्मा** | ३०७०२३००० | १७७५२४६९१ | ५७।८२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लिखित विवरण विक्षेषणबाट निम्नानुसार देखिएको छः | |
| ६.१. | दिगो विकासलाई नै सम्बोधन गरेर वजेट तथा कार्यक्रम बनाएको पाईएन । | |
| ६.२. | बातवरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा वजेट विनियोजन गरेको पाईएन । | |
| ६.३. | आर्थिक व्यवस्थापन सम्बन्धि नीति, सहकारी तथा गरिवी निवारण सम्बन्धि नीति लैगिक समानता तथा सामजिक समावेशिकरण सम्बन्धि नीति,युवा तथा खेलकुद नीति, वनबातवरण तथा विपद व्यस्थापन नीति, संस्थागत सुशासन, पर्यटन विकास, सामाजिक विकास सम्बन्धि नीति, स्वास्थ्य नीति, खानेपानी तथा सरसफाई नीति सुचना प्रविधी नीति, सिंचाई नीति , भवन तथा शहरी विकास नीति, संचार नीति, संस्कृति प्रवद्र्धन नीति र पूर्वाधार सम्बन्धि नीति अख्तियार गर्ने उल्लेख गरेपनि अधिकांश विषयलाई समेटेर वजेट तथा कार्यक्रम खर्च गरेको पाईएन । | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्योहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६.४.</td><td>उत्पादनमुलक एवं रोजगारी प्रदान गर्ने क्षेत्रमा बजेट व्यवस्थाअनुसार खर्च गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>७.</td><td>खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट अल्या ३३०२९०१०।३६समेत रु ३९४६३६४०।८७ आन्तरिक आय तर्फ रु ७४४०६३०।५१ राजस्व बाँडफाँड रु ५७४०५८३३।३२र अनुदानबाट रु. २०४९१३४००।समेत रु ३०१७८२८७४।१९आम्दानी भएकोमा चालु तर्फ रु ९९३०७९५१।१९ र पूँजिगत तर्फ रु.७८२१६७३९।६७ समेत रु १७७५२४६९०।८६ खर्च भएको छ । कुल आयमा आन्तरिक आयको हिस्सा २।४६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ८२५००० खर्च भएको छ जुन आन्तरिक आयको ११।०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३२।९० प्रतिशत चालु र २५।९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>४</td><td>२२२०००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>१६</td><td>४३०५०००</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३०</td><td>१५८०००००</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>४१</td><td>६३७६६०००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>४</td><td>४१५१२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९५</td><td>१२५६०५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.</td><td>कन्टिजेन्सी रकम खर्चः कन्टिन्जेन्सी वापतको खर्च रकम रु १३३३३२०। मध्ये भ्रमण तथा अनुगमन खर्च भनि रु ९६२२४३।०० खर्च लेखेको छ । भ्रमण तथा अनुगमन प्रतिवेदन राखु पर्ने व्यवस्थाको कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं. मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संगठन तथा कर्मचारी ब्यवस्थापन | |
| १०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यस पालिकाको कुल स्वीकृत दरबन्दी ७४ जना मध्ये २२ जना स्थायी पदपुर्ति भई ५२ जना रिक्त रहेको देखिन्छ । रिक्त दरबन्दि मध्ये दरबन्दी भित्रका कार्यालय तथा स्वास्थ्य तर्फ १९ जनाको रु. ६४२५५३०। खर्च लेखेको छ भने दरबन्दी बाहिराको १ एक्साभेटर अपरेटर, २ हलुका सवारी चालक र ९ कार्यालय सहयोगी गरी जम्मा १२ जनाको रु. ३१०३७१०। खर्च लेखेको छ ।<br>दरबन्दी बाहिराको पदमा नियुक्त गर्दा आन्तरिक आय तथा आवश्यकतालाई ध्यानमा राखि गर्नुपर्दछ । | |
| ११. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| १२. | **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ। पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा वापत ३ महिनाको रु.८२५०००।०० खर्च लेखेको देखिन्छ । | |
| | **बैठक भत्ता** - बागमती प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोक | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भन्दा बढी बिनको सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता तथा सभा सञ्चालन खर्च बापत रु.३८८८५५ खर्च गरेको छ । | |
| १३. | **खाना तथा बिबिध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा बिबिध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तर्फ रु ८९९३६०।०० सहित विविधतर्फ रु २१६४७७७।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १४. | **कृषि अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि बिकास तर्फ विभिन्न सहकारी संस्थालाई तथा व्यक्तिलाई तरकारी र फलफुल बीउ तथा सामाग्रि अनुदानमा रु.२५५००००।०० गरी रु.१२४६३८६ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५. | **वितरण गर्न बाँकी कृषि सामानः** बार्षिक योजना तथा कार्यक्रममा अनुदान वितरण गर्ने ब्यवस्था छ । जुन आर्थिक वर्षको लागि अनुदान वितरण गर्नु पर्ने हो सोही वर्ष भित्र वितरण गर्नु पर्दछ । रु ४४९३३८।८५ मुल्यका प्लाष्टिक ड्रम गोलभेडा बीउ करौती सिकेचर प्लाष्टिक सामाग्रीहरु वितरण गर्न बाँकी देखिन्छ ।यसले अनुदान प्राप्त कृषकको उत्पादन तथा उत्पादकत्वमा असर पर्ने देखिन्छ । सयम मै वितरण गरी लाभन्वित हुने अवस्था सिर्जना गर्नु पर्दछ । | ५६१६७३.५६ |

| बिवरण | परिमाण | दर | मुल्य | २५ प्रतिशत योगदान | जम्मा |
|---|---|---|---|---|---|
| प्लाष्टिक ड्रर्म गोटा | ४९९ | २२७ | ११३२७३.०० | २८३१८.२५ | १४१५९१.२५ |
| गोलभेडाबीउ प्याकेट | ३४६ | ३५० | १२११००.०० | ३०२७५.०० | १५१३७५.०० |
| करौती गोटा | ४० | ४८० | १९२००.०० | ४८००.०० | २४०००.०० |
| सिकेचर | ४ | ९८० | ३९२०.०० | ९८०.०० | ४९००.०० |
| प्लाष्टिक सामाग्री पिस | १३ | ४०८० | ५३०४०.०० | १३२६०.०० | ६६३००.०० |
| प्यालिटक सिल्पोलिन स्क्वायर फिट | १२४४६ | ७ | ८७११२.०० | २१७७८.०० | १०८८९०.०० |
| | जम्मा | | ३९७६४५.०० | ९९४११.२५ | ४९७०५६.२५ |
| | मुल्य अभिवृद्धि कर | | ५१६९३.८५ | १२९२३.४६ | ६४६१७.३१ |
| | कुल जम्मा | | ४४९३३८.८५ | ११२३३४.७१ | ५६१६७३.५६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

अनुदानको सहि सदुपयोग नहुने बीउ तथा सामाग्रिको गुणस्तर घट्ने तथा कृषकको आयमा समेत सुधार नहुने देखिएकोले यसमा गरेको खर्च उचित देखिएन ।समय मै अनुदान लाभन्वित समुहलाई वितरण गरिनुपर्दछ ।

## कर दस्तुर एवं आन्तरिक आय

१६. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय लगायत अन्य शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

गोलाईकुण्ड गाउँपालिका, स्याफ्रुबेंसी, रसुवाको आ.व. २०७६/०७७ को आन्तरिक श्रोतको विवरण

| विवरण | अनुमानित बजेट | असुली रकम रु. |
|---|---|---|
| ११३१३ एकीकृत सम्पत्ति कर | ३००००० | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | १०००००० | १६४७८६.२० |
| ११३२१ बहाल कर | ३००००० | १८९४६३८.६८ |
| १४१५१ सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ३०००००० | १०३६८०.०० |
| १४१५९ अन्य श्रोतबाट प्राप्त रोयल्टी | ५००००० | ०.०० |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | ५०००० | ३८००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २००००० | ३४६०००.०० |
| १४२४२ नक्सा पास दस्तुर | ५००००० | ३१४३२९.०० |
| १४२४३ शिफारिस दस्तुर | १०८६१९८ | १०७०२०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००० | १६००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५००००० | १६००.०० |
| १४१४९ अन्य दस्तुर | २००००० | १४९३०१.०१ |
| १४५२९ अन्य राजश्व | १००००० | ३८९२७५२.६२ |
| १४६११ व्यवसाय कर | ३००००० | ४२४७१४.०० |
| ३२१२१ नगद | ० | ३६४०९.०० |
| | ८०८६१९८ | ७४४०६३०.५१ |

१६.१. पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१६.२. अन्य राजश्व वापत संकलन भएको राजश्व रु ३८९२७५२.६२ के वापत कति प्राप्त भएको हो विवरणा प्राप्त नभएकोले एकिन हुन सकिएन । यस सम्बन्धमा विस्तृत विवरण वनाई हिसाव स्पष्ट देखिने गरी राख्नु पर्दछ ।

१६.३. राजश्व संकलन भएको भोली पल्ट सम्ममा रकम सञ्चित कोषमा दाखिला गर्नु पर्नेमा कार्यालयले राजश्व बैंक जम्मा हप्तामा एक दिन गर्ने गरेको देखिन्छ ।

१६.४. सरकारी सम्पत्तीको बहालवाट प्राप्त आयको अनुमान ३००००००।०० लाख रहेकोमा रु १०३६८०।०० मात्र आम्दानी गरेको देखिन्छ । एक्साभेटर लगबुक अद्यावधिक गरेको पाईएन । साथै नगदी रसिद पेश नगरेकोले आय एकिन हुन सकेन।

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू र |
|---|---|---|
| | एक्साभेटरको आम्दानी भन्दा कार्यसञ्चालन खर्च बढी देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १६.५. | रसिद नियन्त्रण खाता अद्यावधिक गरेको देखिएन । नगदी रसिद जिम्मेवारी स्पष्ट रुपमा तोकिएको हुनुपर्दछ । | |
| १६.६. | विषय तथा क्षेत्रगत राजश्व प्रक्षेपण यथार्थ परक बनाउनुपर्दछ । यसको लागि राजश्व परामर्श समितीले अध्ययन अनुसन्धान गरी गराई क्रियाशिलता देखाउनुपर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| १७. | **उपभोक्ता समिति दर्ता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष बिभिन्न ५३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ५६२७३९१४।०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १८. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको केही केहीमा देखिएन । नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको बिवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
